भक्तपुर नगर शिक्षा शाखाका प्रमुख कृष्णप्रसाद कर्माचार्यका अनुसार सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा लागु गरेको र सरकारद्वारा कुनैपनि शुल्क उठाउन नपाउने प्रावधान रहेकोले सरकारको निःशुल्क शिक्षा नीतिसँग सामुदायिक विद्यालयहरुमा प्रयाप्त श्रोत र साधनको कमीले मेल नखाएको हुँदा शिक्षा ऐन नियमावली अनुसार अविभावकबाट सहयोग स्वरुप केहि शुल्क लिएको देखिन्छ । विद्यालयमा विगत लामो समयदेखि शिक्षकहरुको पारिश्रमिक र शैक्षिक सामग्रीको लागी बाहेक कुनैपनि रकम निकासा नभएको कारण पूर्ण निःशुल्क गर्न नसकिएको बताउँछन् । सरकारले विद्यार्थीहरुलाई दिने छात्रवृद्धि पनि पर्याप्त मात्रामा नभएको उनी स्वीकार छन् । भक्तपुर नगरपालिकाले नगरभित्रका स्थायी विद्यार्थीहरुलाई एसईई पछाडि उच्च माध्यामिक शिक्षाको लागि शैक्षिक ऋणको पनि व्यवस्था गरेको र सो व्यवस्था अनुरुप धेरै विद्यार्थी लाभान्वित भएको उनले बताए । सो ऋणबाट आफ्ना अविभावकलाई चर्को ब्याजदरको भार नभएको र सहज रुपमा ऋण उपलब्ध गराइएको र नगरका विद्यार्थीहरुको उच्च शिक्षामा नगर जिम्मेवार रहेको बताए । सरकारको नीति अनुरुप प्रत्येक विद्यालयमा १० प्रतिशत छात्रवृद्धि हुनुपर्नेमा नगरको सहयोगार्थ ३३ प्रतिशत पुऱ्याएको उनी बताउँछन् । हाल कोरोनाको कारण भर्चुअल कक्षाको लागि मा.वि र नि.मा.वि विद्यालयहरुले इन्टरनेट जडान गरिसकेकाले हाल आधारभुत विद्यालयहरुमा संचालनको लागि नगरले प्रत्येक विद्यालय वार्षिक १२ हजारका दरले इन्टरनेट जडानको लागि वितरण गरेको र नगरको सहयोगार्थ भक्तपुर यरीयामा निःशुल्क वाईफाईको व्यवस्था गर्ने योजना रहेको हुनाले यसले सबै किसिमका विद्यार्थीहरु लाभान्वित हुने बताए ।

हाल अविभावकहरुले शिक्षाको गुणस्तरमा ध्यानदिने हुनाले पुराना भएका शिक्षकहरु प्रविधिमैत्री नभएको कारण केहि समस्या आएकोले निजी शिक्षक बढेको हुनाले पुराना शिक्षकको गुणस्तर बढाउन र प्रा.वि शिक्षकहरुको संख्या बढी रहेकोले मा.वि र नि.मा.वि तहमा शिक्षक नपुगेका कारण भनेजस्तो शिक्षाको गुणस्तर बढाउन नसकेको उनले बताए । शिक्षकहरुलाई प्रविधिमैत्री शिक्षाको लागी योग्य बनाउनको लागी आवश्यक पर्ने विभिन्न उपकरण (मोबाईल/ल्यापटप) को लागि नगरसँग समन्वय गरिने उनको भनाइ छ । नगरप्रमुख सुनिल प्रजापतिका अनुसार नगरपालिकाले नगरभित्रका विद्यालयलाई गर्नुपर्ने सहयोग निरन्तर रहने र विभिन्न विद्यालयको योजनाहरुलाई नगरले सकेसम्म सहयोग गर्ने बताए ।

## अखिल (क्रान्तिकारी)को सम्मेलन असोजमा



**काठमाडौं/मस-** नेकपा (माओवादी केन्द्र) निकट विद्यार्थी सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी) को २२औं राष्ट्रिय सम्मेलन आगामी असोजमा हुने भएको छ ।

केन्द्रीय समितिको भर्चुअल बैठकले 'शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चितताका लागि हाम्रो आन्दोलन, राष्ट्रिय स्वाधीनता र सामाजिक न्यायको पक्षमा २२ औं राष्ट्रिय सम्मेलन' भन्ने नाराका साथ असोज ८ देखि १० गतेसम्म सम्मेलन काठमाडौंमा गर्ने निर्णय गरेको क्रान्तिकारीका उपाध्यक्ष सुरेन्द्र बस्नेतले बताए । यसका लागि विभिन्न १० उपसमिति समेत गठन गरिएको छ। मूल व्यवस्थापन तथा प्रतिवेदन लेखन उपसमिति संयोजक रन्जित तामाङ, प्रचार तथा प्रसार उपसमिति उपाध्यक्ष बस्नेत, आर्थिक उपसमिति पञ्चा सिंह, अतिथि व्यवस्थापन उपसमिति दीपक देवकोटा, प्रतिनिधि चयन तथा अभिलेखीकरण उपसमिति तिलकराज भण्डारी, मेस व्यवस्थापन उपसमिति विजय गौतम, विधान संशोधन उपसमिति उत्तम अधिकारी, स्वास्थ्य उपसमिति दीपेश पुन, स्वयम्सेवक उपसमिति इन्द्र भुसाल र प्राविधिक उपसमिति रविकिरण यादव रहेका छन् ।

यसअघि क्रान्तिकारीको २१ औं राष्ट्रिय सम्मेलन २०७४ सालमा भएको थियो । सम्मेलनमा भौतिक उपस्थितिमा गर्ने निर्णय गरेको छ । उद्घाटन सत्र कमलादीस्थित प्रज्ञा प्रतिष्ठान र बन्दसत्र कीर्तिपुरस्थित त्रिवि केन्द्रीय क्याम्पस हुने भएको उहाँले जानकारी दिनुभयो । सङ्क्रमण बढ्दै गए भने सम्मेलन भर्चुअलबाट गर्ने निर्णय क्रान्तिकारीले गरेको छ । कोरोना भाइरसका कारणले सम्मेलनमा उपस्थित हुने प्रतिनिधिको सङ्ख्या घटाएर सात सय ९९ पुऱ्याइएको छ ।

## महिना दिनपछि इन्द्रावती तेस्रोबाट विद्युत उत्पादन सुचारु

**सागर खड्का/मध्यान्ह**
सिन्धुपाल्चोक, १५ भदौ

मेलम्ची इन्द्रावती नदीमा आएको लगातारको बाढीका कारण साउन १७ गतेदेखि बन्द रहेको इन्द्रावती तेस्रो जलविद्युत केन्द्र पुनः सञ्चालनमा आएको छ । ७.५ मेगावाट क्षमताको उक्त आयोजना करिब एक महिनापछि सञ्चालनमा आएको हो ।

यसअघि पनि असार १ गतेको मेलम्ची इन्द्रावती नदीको बाढीले क्षति पुऱ्याएको आयोजना डेढ महिना बन्द भएर साउन १४ गतेबाट संचालनमा आएको थियो । साउन १७ गते पुनः आएको बाढीले मेलम्ची नगरपालिका १२ सिन्धुखोलामा बगाएको दुई वटा टावर महिना दिन भित्रमा अस्थायी पुनर्निर्माण गरी विद्युत उत्पादन सुचारु गरिएको केन्द्रका का.मु. प्रमुख ईन्जिनियर बसन्तलाल कर्णले जानकारी दिए ।

असार १ गतेको इन्द्रावती नदीमा आएको बाढीले जलविद्युत केन्द्रको तिपेनीस्थित बाँधमा क्षति पुऱ्याएको थियो भने मेलम्ची खोलामा आएको बाढीले दुई वटा टावर बगाएको थियो ।

तिपेनीस्थित बाँध क्षेत्रमा बाढीले भत्काएको आधा संरचना खोलामा पानीको सतह बढी भएकाले अहिले पुनर्निर्माण गर्न नसकिएको कर्णले बताए । हिउँदमा गरिने पुनर्निर्माणका लागि थप ४ करोड रुपैयाँ खर्च हुने अनुमान छ ।


**साउदीमा रोजगारको अवसर** | १. कम्पनी: ANEFAH HASAN ALSHAMARI EST.FOR ICE शहर: BURAYDAHH
पूर्व स्वीकृत मितिः २०७८/०५/१५ चलानी नं.: ६०१६२१९२ LT. No.: 244529

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 5 | 0 | स. काममा दक्ष | 1200 | ३७,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: VENOR TRADING COMPANY हर: BURAYDAH
पूर्व स्वीकृत मितिः २०७८/०५/१५ चलानी नं.: ६०१६२१९१ LT. No.: 244530

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Server | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४६,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Worker | 6 | 0 | | 1200 | ३७,४०४ | | | | | | | |

३. कम्पनी: FNR LIMITED COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०३/०७ चलानी नं.: ६०१५९०१३ LT. No.: 240848 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४३,६३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Worker | 2 | 0 | | 1400 | ४३,६३८ | | | | | | | |

३. कम्पनी: WADHA MOFIA RABEA AL DOSARY RESTURANT FOR SERVING MEAL शहर: LADAM
पूर्व स्वीकृत मितिः २०७८/०३/१० चलानी नं.: ६०१५९१४० LT. No.: 240850 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४३,६३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Food Presenters | 1 | 0 | | 1400 | ४३,६३८ | | | | | | | |
| 3. | Kitchen Factor | 2 | 0 | | 1400 | ४३,६३८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ भदौ २३ गते (8 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क नं. ४ निःशुल्क अन्य रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Alliance Human Resources Pvt. Ltd.**
Govt. Licence: 690/063/064
P.O.Box : 13612, Sinamangal, Kathmandu, Nepal | Tel. No.: 01-4491791, 4487850, 4494627 | Email:- inquiry@alliancenepal.com | Website: www.alliancenepal.com



**कतारमा रोजगार** | १. कम्पनी : THE WESTIN DOHA HOTEL & SPA शहर: QATAR
पुर्व स्वीकृत मितिः २०७८/०५/१५ चलानी नं.: ६०१६२१९६ LT. No.: 244748

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hotel Service | 5 | 0 | | 1500 | ४७,४९० | | | | | | | |
| 3. | Waiter | 2 | 0 | | 1500 | ४७,४९० | | | | | | | |

२. कम्पनी : INTEGRAL FOOD SERVICES WLL शहर: DOHA
पुर्व स्वीकृत मितिः २०७८/०५/१५ चलानी नं.: ६०१६२१९५ LT. No.: 244752

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 22 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Storekeeper | 1 | 0 | | 1900 | ६०,१५४ | | | | | | | |
| 3. | Cooker | 12 | 0 | | 1500 | ४७,४९० | | | | | | | |
| 4. | Assistant Cook | 7 | 0 | | 1300 | ४१,१५८ | | | | | | | |
| 5. | Cashier | 0 | 2 | | 1500 | ४७,४९० | | | | | | | |
| 6. | waiter | 4 | 5 | | 1400 | ४४,३२४ | | | | | | | |
| 7. | Labourer | 63 | 0 | | 1000 | ३१,६६० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २३ गते (8 September 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com



**कतार र साउदीमा रोजगार** | १. कम्पनी: ASHIRVAD CATERING SERVICE शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/१५ चलानी नं.: ६०१६२१८६ LT. No.: 244513

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AISHA ABDULLAH AL- SAHLI TRANSPORT शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०३/३१ चलानी नं.: ६०१६०३५२ LT. No.: 242385 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५६,१०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २३ गते (08 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ निःशुल्क क.नं. २ को रु. १००००। |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Amity Human Resource (P.) Ltd.**
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399
Fax: +977-1-4361742, Email: amity@mail.com.np | Website: www.amityhr.com



**कतारमा रोजगार** | कम्पनी : SKYWAY CATERING (SKYWAYS) शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७७/१२/२३ चलानी नं.: ६०१५६८१० LT. No.: 238625 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 2000 | ६३,३२० | | | | | | | |

२. कम्पनी : BLUE CITY RESTAURANT शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७७/१२/११ चलानी नं.: ६०१५६०४० LT. No.: 237598 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 1 | 0 | | 1000 | ३१,६६० | | | | | | | |
| 3. | Grill Chick Maker | 1 | 0 | | 1500 | ४७,४९० | | | | | | | |
| 4. | Sandwich Maker | 2 | 0 | | 1500 | ४७,४९० | | | | | | | |
| 5. | Supervisor | 1 | 0 | | 3000 | ९४,९८० | | | | | | | |
| 6. | Gril Meat Maker | 1 | 0 | | 1500 | ४७,४९० | | | | | | | |
| 7. | Waiter | 1 | 0 | | 1200 | ३७,९९२ | | | | | | | |
| 8. | Juice Maker | 1 | 0 | | 1500 | ४७,४९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा भदौ २३ गते (8 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मेरीगोल्ड ओभरसिज प्रा.लि.**
श्रम इजाजत नं. ६६८/०६३/०६४
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं फोन : ४४९९१२२, ४४८५१८८, मो नं. ९८२३६२८२६६
E-mail: info@marigoldoverseas.com, marigoldnepal@gmail.com

## सम्पादकीय

# उस्तै शैली !

सत्ता साझेदार दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) पार्टी पुनजार्गरणको अभियानमा जुटेको छ । गएको २३ फागुनमा सर्वोच्च अदालतले साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग गर्दै माओवादी केन्द्र पुनर्स्थापना गरेपछि पार्टी पुनजार्गरणको अभियान शुरू भएको हो । तर राष्ट्रिय राजनीतिक कोर्स प्रष्ट नहुँदा माओवादी केन्द्र अलमलियो । तर ५ पुसमा प्रतिनिधिसभा विघटन गर्ने नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले ७ जेठमा फेरि संसद् भंग गर्ने निर्णय गरे । तर सर्वोच्च अदालतले फेरि संसद् पुनर्स्थापना गर्दै ओलीलाई प्रधानमन्त्रीबाट पदमुक्त गरिदियो । अदालतको यो फैसला पछि भने माओवादी केन्द्रले टेक्ने राजनीतिक धरातल भेटायो । नेपाली काँग्रेसको नेतृत्वमा पाँच दलीय गठबन्धन सरकार बनेको छ । माओवादी केन्द्र सत्तामा सहभागी छन् ।

माओवादी केन्द्रको अबको रोडम्याप संगठन सुदृढिकरण, सत्ता गठबन्धन र पार्टी एकता देखिन्छ । स्थायी कमिटी बैठकबाटै कार्यगत सहकार्य र पार्टी एकताको निर्णय गरिसकेको छ । सत्ता गठबन्धनलाई निरन्तरता दिदै माओवादी केन्द्र वाम शक्तिहरूबीच एकताको कदम चाल्ने रणनीतिमा देखिन्छ । त्यसका निम्ति एमाले विभाजन गरी नेकपा (एकीकृत समाजवादी) दर्ता गराएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल तर्फ बढी जोड दिएको छ । एकीकृत समाजवादी दलसँग माओवादी केन्द्र पार्टी एकताकै चाहनामा देखिन्छ । किनकि नेकपा विभाजन हुँदा माओवादी केन्द्रलाई सांगठानिक क्षति समेत पुगेको छ । रामबहादुर थापा बादल सहित नेताहरू एमाले प्रवेश गरेका छन् । त्यसैले संगठन सुधारका निम्ति माधव नेपालहरूसँग एकता गर्न माओवादी चाहन्छ ।

विभाजित एमालेसँग एकता गर्दा माओवादीले आफूलाई थप लोकतान्त्रिक बनाउनुपर्ने हुन्छ । किनकि एमाले लोकतान्त्रिक अभ्यासबाट विकास भएको दल हो भने माओवादी केन्द्र सैन्य संरचनाको बाटो भएर आएको संगठन हो । माओवादीलाई ३ जेठ २०७५ मा पार्टी एकता गरिरहँदा पनि लोकतान्त्रिकरणको अभ्यास निकै गह्रुँगो देखिएको थियो । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कार्यकारी अध्यक्षको जिम्मेवारी पाएपनि पार्टीलाई गतिसाथ अगाडि बढाउन सकेका थिएनन् । अहिले माधव नेपालहरूसँग कार्यगत सहकार्य र पार्टी एकताको हात अगाडि बढाएको माओवादीमा अझैपनि लोकतान्त्रिकरण सुधार भएको देखिन्न । जस्तो– सोमबार मात्रै सकिएको पार्टी निकट युवाहरूको संगठन वाईसीएलको राष्ट्रिय सम्मेलनले अध्यक्ष चयन गर्ने जिम्मा प्रचण्डलाई दिएको छ । यसमा सम्मेलनले नेतृत्व गर्नुपर्ने जस्तो लोकतान्त्रिक विधि समेत पूरा हुन सकेन । यसले माओवादीको लोकतान्त्रिकरणप्रति विश्वास अझै देखिन्न भने पुरानै ढंगढंगी कायमै रहेको अनुमान गर्न सकिन्छ ।

## सामाजिक सञ्जाल



मन्त्रीमण्डल विस्तारको भाका १३ पछि २२ मा सर्यो, डेढ महिनादेखि मुलुक सरकार बिहिन ! यस्तो अदुरदर्शी, आशंकित, आतंकित, अकर्मण्यता, अधैर्य, समय पाँच हजार वर्षभन्दा यता देखिँदैन, इतिहास पल्टाएर हेर्दा! दुर्गति किन नहोस् त ?

**- निर्मल प्रसाइँ**



जतिसुकै उफ्रिए पनि हाम्रो विकल्प कांग्रेस र एमाले नै हो यसैले यहि पार्टीभित्र राम्रो नेता खोजौँ । बाँकी ती वैकल्पिक शक्ति भनौदा पाण्डेहरू त सत्तामा नपुग्दै त बारम्बार फुट्छन् । यस्तालाई भरोसा गरिको चाहिँ कालिदास बन्छ होला र ? एनजीओबाट चल्नेहरूले देश बनाउन सक्दैनन् भन्ने उदाहरण पाण्डे छन् ।

**- दिपेन्द्र बिष्ट**




बागलुङ जिल्ला सभा १२ दिन चल्दा पनि निष्कर्षमा पुगेन । सभापतिलाई झोँक चलेछ । जुरूक्क उठेछन् र भनेछन्, 'कति कचकच ! ल सबै प्रस्ताव पास । बैठक सकियो ।' सभासद वाल्ल ! देउवाले यसै गर्लान् है । सरकारमा कांग्रेसमात्रै थपेर विस्तार गर्ने अरूले निहुँ झिके एमालेसँग मिल्ने वा चुनाव घोषणा गर्ने । ल जा !

**- गोविन्द अधिकारी**



माधब नेपाल साच्चिकै त्यागी, प्रजातान्त्रिक विचारधाराका कम्युनिष्ट नेता हुन् । एमालेको महासचिव हुँदासम्म आफुँ र आफ्नो पार्टीको सहयोग गिरीजालाई नेतृत्व गर्ने अबसरमा लगाए, अहिले कुन्नि केजाती समाजवादीको अध्यक्ष भएपछि सोहि अवसर देउवालाईदिरहेछन् । उनको त्यागलाई मान्नुपर्छ ।

**- बसन्त घिमिरे**



भदौ २२ अघि मन्त्रिपरिषद विस्तार गर्दा मन्त्री बन्न नपाउने चारजना सांसदमात्र मिले पनि जनता समाजवादी पार्टी फेरि फुट्ने भएकाले...प्रदेश र स्थानीय तहकालाई दल रोजाएर अध्यादेश निष्क्रिय बनाइएपछिमात्र मन्त्रिपरिषदले पूर्णता पाउने बुझियो, मालदार मन्त्रालयमाथि माथापच्ची त छँदैछ ।

**- मातृका पौडेल**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com


# एमाले विभाजन : दल कि नेता ?

**प्राविधिक दृष्टिले नेकपा (एकीकृत समाजवादी)ले निर्वाचन आयोगबाट कानुनी वैद्यता प्राप्त गरेपनि राजनीतिक सिद्धान्तका दृष्टिले नेकपा एमाले र नेकपा (एकीकृत समाजवादी) पार्टी दुबै एउटै पार्टी हुन् । दुवै पार्टीले बहुदलीय जनवादलाई पार्टीको पथ प्रदर्शक सिद्धान्त मान्दछन् । राजनीतिशास्त्रका दृष्टिले एमाले विभाजन भएको होइन, नेता मात्र विभाजन भएका हुन् ।**



● डा. शिवराज पण्डित

नेपालको कम्युनिष्ट आन्दोलन टुटफुट र विभाजनको लामो श्रृंखला पार गर्दै आएको छ । नेकपा एमाले विभाजन भई नयाँ पार्टी नेकपा (एकीकृत समाजवादी) गठन भएको छ, त्यो पनि त्यसकै पछिल्लो श्रृंखला हो । महाकाली सन्धिको विवादलाई लिएर २०५४ सालमा विभाजित भएको नेकपा एमाले २०५८ सालमा पुनः एकीकृत भएको थियो । प्राविधिक दृष्टिले नेकपा (एकीकृत समाजवादी)ले निर्वाचन आयोगबाट कानुनी वैद्यता प्राप्त गरेपनि राजनीतिक सिद्धान्तका दृष्टिले नेकपा एमाले र नेकपा (एकीकृत समाजवादी) पार्टी दुबै एउटै पार्टी हुन् । दुवै पार्टीले बहुदलीय जनवादलाई पार्टीको पथ प्रदर्शक सिद्धान्त मान्दछन् । राजनीतिशास्त्रका दृष्टिले एमाले विभाजन भएको होइन, नेता मात्र विभाजन भएका हुन् ।

नेपालको कम्युनिष्ट आन्दोलनमा टुटफुटको इतिहास तेस्रो महाधिवेशनबाट सुरुवात भएको देखिन्छ । २०१७ पौष १ गते राजा महेन्द्रले बहुदलीय व्यवस्थालाई 'कु' गरेपछि त्यसलाई हेर्ने दृष्टिकोणका सम्बन्धमा पार्टीभित्र गम्भीर मतभेद भएको थियो । केशरजंग रायमाझी नेतृत्वको एउटा डफ्फाले राजा महेन्द्रको कदमलाई 'प्रगतिशील' भन्यो भने नेकपाभित्रको अर्को पुष्पलालसमेतको समूहले महेन्द्रको कदमलाई प्रतिगामी भन्यो । यसले पार्टी भित्र गंभीर मतभेद सिर्जना गरयो, जसको कारण नेकपा विभाजित भएको थियो । तेस्रो महाधिवेशन विभाजनको निर्णायक कारण राष्ट्रिय राजनीति थियो । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा आएको फुटको कारण थिएन । त्यसपछि भने विस्तारै पार्टी विभाजनलाई अन्तराष्ट्रिय कम्युनष्टि आन्दोलनमा आएको विभाजनको सन्दर्भसँग जोडेर हेर्न थालियो । तर ९० को दशकपछि नेपालको कम्युनिष्ट आन्दोलनमा जति विभाजनहरु भएका छन् ति विचारवा दृष्टिकोणको मतभेद्का कारण भएका छैनन्, नेताको महत्वकांक्षा, चरम सत्तालिप्सा, अहंमता, कुण्ठा र घमण्डका कारण भएको देखिन्छ ।

> ९० को दशकपछि नेपालको कम्युनिष्ट आन्दोलनमा जति विभाजनहरु भएका छन् ति विचारवा दृष्टिकोणको मतभेद्का कारण भएका छैनन्, नेताको महत्वकांक्षा, चरम सत्तालिप्सा, अहंमता, कुण्ठा र घमण्डका कारण भएको देखिन्छ ।



राजनीतिक दलहरुको उत्पत्ति र विकास प्रतिनिधिमूलक शासन व्यवस्थाको विकाससँग भएको देखिन्छ । आधुनिक राजनीतिक पार्टीको उत्पत्ति १८ औं शताब्दीमा संयुक्त राज्य अमेरिकाबाट भएको थियो । त्यसपछि वेलायत र युरोपमा दलहरुको विकास भएको देखिन्छ । दल उत्पत्तिका मूलतः तीन वटा कारणहरु संस्थात्मक सिद्धान्त, ऐतिहासिक संकटको सिद्धान्त र विकासवादी सिद्धान्त मुख्य कारण मानिन्छन् । नेपाल जस्तो तेस्रो विश्वका देशहरुमा दलहरुको उत्पत्तिको मुख्य कारण ऐतिहांसिक संकटलाई लिइएको छ । ऐतिहासिक संकट समाधान हेतु दलहरु उदय भएको देखिन्छ । ऐतिहांसिक संकट भित्र मूलतः वैद्यताको संकट, सहभागिताको संकट तथा प्रादेशिक संकटहरु पर्दछन् । जब सरकारी सत्ता क्षीण हुन्छ, त्यसपछि लोकप्रिय सत्ता वा शासनको आवश्यकताको अनिवार्य हुन्छ । त्यहि नै वैद्यताको संकट हो । उपनिवेशवादी व्यवस्था विरोधमा यस्ता थुप्रै संकटहरु पैदा भएका थिए, जसको समाधानार्थ राजनीतिक दलहरुको भूमिका निर्णायक र महत्वपूर्ण थियो । तसर्थ राजनीतिक दलहरु विभाजन हुँदा वा नयाँ दल गठन गर्दा दलको नेतृत्व गर्नेहरुले दल गठनको औचित्यता सावित वा पुष्टि गर्न सक्नुपर्दछ । औचित्यता सावित गर्न नसक्ने दलहरु समयक्रममा विघटन या विलय भएर जान्छन् । विश्वमा यस्ता थुप्रै उदाहरणहरु भेटाउन सकिन्छ ।

मार्क्सवादी वा गैर मार्क्सवादी दुवै प्रकृतिका राजनीतिक दलहरुको आधारभुत संरचनाहरु फरक-फरक हुन्छन् । यति हुँदाहुँदै पनि अधिकांश राजनीतिशास्त्रीहरुको के कुरामा सहमत भएको देखिन्छन् भने दुवै बैचारिक आस्था राख्ने पार्टीहरुमा धेरै कुरामा समानता रहने कुरा बताएको देखिन्छ । उनीहरुका अनुसार, आधुनिक राजनीतिक पार्टीमा केन्द्र, शाखा, स्थानीय, सेल र मिलिसिया (चीनमा माओले गरेको अभ्यास)समेत गरी चारवटा आधारभुत तत्वहरु हुन्छन् । यी राजनीतिशास्त्रीहरुको मतमा पार्टी संरचनालाई जीवन्त राख्न पार्टी संरचानहरु बीच भर्टिकल र होरिजेन्टल सम्बन्ध स्थापित भएको वैचारिक समूह मात्र राजनीतिक पार्टीको संज्ञा दिन सकिने बताएका छन् । कार्लमार्क्सले राजनीतिक पार्टीलाई प्रगतिशील, लडाकु, वर्ग चेतनायुक्त, कामदार वर्गको सहयोद्धा, जनवादी केन्द्रीयतायुक्त पेशागत क्रान्तिकारी वर्गको संगठनको रुपमा अर्थाएका छन् । लेनिनले सर्वहारा वर्गको संगठनलाई क्रान्तिको लागि लड्ने पेशेवरहरुको संगठनका रुपमा लिएका छन् । त्यस्तै उनले अनुशासित बलियो तथा सिद्धान्तनिष्ट कम्युनिष्ट पार्टीको नेतृत्वमा नै क्रान्ति सफल गर्न सकिने भनाई लेनिनको छ । त्यस्तै माओले पार्टीलाई बर्गीय आधारमा व्याख्या गर्दै अनुशासित जनाधार भएको सिद्धान्तनिष्ट पार्टीबाटै क्रान्ति संभव हुने बताएका छन् ।

यसरी मार्क्सवादी साहित्य र यसको सफल प्रयोग गरेका लेनिन र माओसेतुङसमेतको विचारलाई आधार मानेर हेर्ने हो भने कम्युनष्टि पार्टीको मुख्य हतियार भनेको विचार हो । विचार वा आदर्शविनाको पार्टी स्वार्थ समूह मात्र हुन सक्दछ । वैचारिक आस्था तथा सैद्धान्तिक आधार स्पष्ट भएको राजनीतिक पार्टी आकार तथा साइजमा सानो भएपनि त्यस्तो पार्टीले दुरगामी महत्व राख्दछ । क्षणीक आवेग र स्वार्थका खातिर विभाजन भएको कम्युनष्टि पार्टीले कम्युनष्टि आन्दोलनमा आधारभुत परिवर्तन ल्याउने ल्याकत राख्दैन । यस प्रकारको विभाजनले सत्ता राजनीतिमा क्षणीक परिवर्तन भने ल्याउन सक्दछ । नेताहरुको आवेग र कुण्ठा विसर्जनका लागि हुने यस प्रकारका गैर राजनीतिक (बैचारिक) विभाजनले नेताहरुको क्षणीक आत्मीक सन्तुष्ठि दिन सक्दछ तर समाज र समुदायले खोजेको परिवर्तन दिन सक्दैन ।


महाकाली सन्धिको विवादलाई लिएर २०५४ सालमा विभाजित भएको नेकपा एमाले २०५८ सालमा पुनः एकीकृत भएको थियो । त्यस्तै २०५९ सालमा शेरबहादुर देउवा नेतृत्वको सानो समूह नेपाली कांग्रेस पार्टीबाट अलग भयो । यो समूह लामो समयसम्म अलग बस्न सकेन पुनः कांग्रेसमा समाहित भयो । २०६८ सालमा नेकपा माओवादी फुट्यो । माओवादी पार्टीको फुट वा विभाजनको श्रृंखला लामो समयसम्म चल्दै आएको छ । वैद्य, बाबुराम, विप्लव, किरांतीहरु समूह वा अलग पार्टी निर्माण गरेर अलग भए भने नेकपा गठन हुँदा ओली समूह नजिक भएका राम बहादुर, लेखराज, मणि थापा र प्रभु शाहहरु सर्वोच्च अदालतले एमाले र माओवादीलाई अलग पार्टीको मान्यता दिएपछि पनि उनीहरु माओवादीमा फर्केनन् एमालेमै रहे ।

संसदीय राजनीतिमा टुटफुट र विभाजनबाट बनेका नयाँ पार्टीहरुको परीक्षण निर्वाचनमा मतदाताबाट हुन्छ । विगतमा एमालेबाट फुटेको मालेको परीक्षण २०५४ सालको स्थानीय र केन्द्रको निर्वाचनको मत परिणामले देखायो । महाकाली सन्धि जस्तो राष्ट्रघाती सन्धिको मुद्धालाई जनता सामु प्रमुख राष्ट्रवादी नारा लिएर जाँदा पनि मालेले व्यापक समर्थन पाउने अपेक्षा गरिएको थियो, तर मत परिणाम सोँचे जस्तो पाउन सकेन । अन्ततः विभाजनको नेतृत्व गर्ने वामदेव गौतम संस्थापन सामु तोमशरणम गर्न पुगे । सीपी मैनालीको विचारमा, ओली र नेपालको राजनीतिक लाइनमा भिन्नता छैन । केपी ओली पनि मदन भण्डारीको बहुदलीय जनवाद (जबज)लाई मान्दछन् भने नेपालले पनि जबजलाई मान्छन् । विगतमा मालेको नेतृत्व गर्ने वामदेव गौतमले पनि जबज मान्दथ्ये भने संस्थापनको नेतृत्व गर्ने केपी ओली र नेपालहरु पनि जबजलाई नै पार्टीको मार्गदर्शक सिद्धान्त मान्दथ्ये । विगत एमाले-मालेको विभाजनको पृष्ठभूमि र इतिहास हेर्ने हो भने पनि समान विचार तथा आदर्श बोकेका दुई पार्टीहरु एउटै विचार र कार्यशैली बोकेर लामो समयसम्म अघि बढ्न सक्दैनन् भन्ने कुरा प्रमाणित भैसकेको छ ।

माधवकुमार नेपालले नेतृत्व गरेको नेकपा (एकीकृत समाजवादी)ले पार्टी विभाजनको औचित्यता सावित गर्न कि एक्काइसौं शताब्दी अनुकुलको उन्नत मार्क्सवादी विचार निर्माणको नेतृत्व गर्न सक्नु पर्‍यो । जो अहिलेको आवश्यकता हो । कि विप्लव नेतृत्वको नेकपाले अघि सारेको वैज्ञानिक समाजवादलाई समर्थन गर्दै अघि बढ्ने साहस र आँट गर्न सक्नु पर्‍यो कि सत्ता केन्द्रीत संसदवादी कम्युनष्टि पार्टीहरुसँग सहकार्य र एकताको गठवन्धन सत्ता संस्कृति निर्माण गर्दै अघि बढ्ने बाटो रोज्नु पर्‍यो । यी तीनवटा विकल्पहरु एकीकृत समाजवादी सामु देखिएका छन् । तेस्रो विकल्प कम्युनिष्टहरुका लागि क्षणीक विकल्प हो, यसले नेपाली समाजका वर्गीय अन्तरविरोधहरु हल गर्न सक्दैन । दार्शनिक आधारविनाको कम्युनिष्ट पार्टीको आयु छोटो हुन्छ, जुन कुरा विश्व कम्युनष्टि आन्दोलनमा पुष्टि भै सकेको छ ।

# चाडपर्व र कोरोना महामारी

**अस्पतालमा बेड नभएर भूँईमा राखेर उपचार गर्नूपर्ने दिन आउँछ । उपचार नपाएर कतिले कोरोनाकै कारण सार त्यागनुपर्ने स्थिति आँउछ । त्यतिखेर राज्यले के गर्छ ? त्यो निकै चाँसोको विषय छ ।**



● अनुषा थापा

चाडपर्वसँगै कोरोना महामारीको संक्रमण दर बढ्न सक्ने देखिएको छ । स्वास्थ्य मापदण्डको बेवास्ता हुन थालेसँगै यस्तो देखिएको हो । उपत्यकासहित देशभर कोरोना रोकथाम तथा नियन्त्रणका लागि भन्दै निषेधाज्ञा जारी छ तर, निषेधाज्ञा उल्लंघनको घटना बढ्न थालेको छ ।

सबैभन्दा बढी कोरोना संक्रमित उपत्यकाका तीन जिल्लाका सर्वसाधारणलाई देखिएको छ । देशभरको सक्रिय संक्रमित मध्ये उपत्यकामा मात्र झण्डै एकतिहाई संक्रमित छन् । उपत्यकामा लगाएको निषेधाज्ञा पनि नाममा मात्र बाँकी रहेको छ । जहाँ हेर्‍यो मानिसहरुको भीड यत्तिकै छ । सामान्य अनि आधारभूत स्वास्थ्य मापदण्डलाई पनि पालना गरिएको देखिँदैन् । न मुखमा मास्क छ भने नत सामाजिक दूरीको पालना गरिएको छैन् ।

तथापी राज्यका निकायले भने निषेधाज्ञालाई कडाईपूर्वक लागु गराउन ध्यान दिएका छैनन् । पछिल्लो समय देखिएको अवस्थाले पनि महामारी बढाउन नागरिक होइन् सरकारी निकाय नै जिम्मेवार देखिन्छन् । अस्पतालमा बेड नभएर भूँईमा राखेर उपचार गर्नूपर्ने दिन आउँछ । उपचार नपाएर कतिले कोरोनाकै कारण सार त्याग्नुपर्ने स्थिति आँउछ । त्यतिखेर राज्यले के गर्छ ? त्यो निकै चाँसोको विषय छ । अहिले उपत्यकाका अधिकांश अस्पताल कोरोना संक्रमितले भरिएका छन् । खोप लाउने ठाउँमा पनि मानिसहरुको घुइँचो छ । यातायात कार्यालय, मालपोत, बैंक, फाइनान्स, होटलहरुमा पनि मानिसहरु भीड उत्तिकै देखिन्छ । देशकै जेठो अस्पताल भनेर चिनिने वीर अस्पतालमा सेवाग्राहीको भीडले गर्दा खुट्टा टेक्ने ठाउँ छैन् ।

को कोरोनाको बिरामी, को अरु कुनै रोगी भनेर चिन्नै मुश्किल छ । सबैजना एकैठाँउमा कुनै सभामा भेला भएर बसेजस्तो देखिन्छ । देशकै जेठो अस्पताल वीरमा त कोरोनाको पीर छ भने अरु अस्पतालको हालबारे सोँचौ । वीर अस्पतालको टिकट काट्नेहरुको अव्यस्थित लाइनले कतिको मनस्थितिमा कोरोना हराइसकेको हो र ? भन्ने प्रश्न पैदा हुन्छ । सरकारको प्रत्यक्ष रेखदेखमा सञ्चालन हुने वीर अस्पतालमा कोरोनालाई लिएर चरम लापरबाही गरिएको स्पष्ट देखिन्छ । वीर अस्पतालमै मात्र होइन्, सिभिल अस्पताल तथा अन्य सरकारी र निजी अस्पतालमा सेवाग्राहीहरुको भीडभाड उत्तिकै देखिन्छ । कोरोनाको कारण दिनहुँजसो मृत्यु हुनेको दर बढ्दो छ । यसरी दैनिकी कोरोनाको कारण मानिसहरुले ज्यान गुमाउँदा राज्यले निकै ठूलो क्षति पुर्‍याउनुपरेको छ ।

नेतृत्व तहबाटै स्वास्थ्य मापदण्डको उल्लंघन

सबैभन्दा धेरै स्वास्थ्य मापदण्डको उल्लंघन राजनीतिक नेतृत्व तहबाटै भएको छ । उनीहरुका भेलालगायतका गतिविधिहरु पछिल्लो समय झन बढेर गएका छन् । सबै राष्ट्रले आफ्नो देशको नागरिक बचाउन स्वास्थ्य मापदण्डलाई कडाईपूर्वक अपनाएका छन् तर नेपालका नेताहरु कार्यक्रम भ्रमण गर्दै ताली बजाउँदै हिँडेका छन् ।

२०७८ साउन २७ गतेबाट ०७८ भदौ ५ गतेसम्म राति ८ बजेपछि बिहान ६ बजेसम्म सार्वजनिक र निजी गाडीहरु चल्नमा प्रतिबन्ध लगाइएको थियो । यो निर्णयले पनि कोरोना केहि हदसम्म कम गर्न निकै मद्दत पुर्‍याएको थियो । किनभने राति ८ बज्नुभन्दा अगाडि नै सबै आफ्नो घर पुगिसक्थे । रेष्टुरेण्ट, होटलहरु ७ बजे नै बन्द भइसक्थे । जसको कारणले सरकारलाई पनि कोरोना नियन्त्रणमा केही मद्दत पुगेको थियो ।

राति ८ बजेपछि गाडी चल्नमा प्रतिबन्ध लगाएको समयमा स्वास्थ्य मन्त्रालयले जारी गरेको कोरोना चार्टमा पनि कोरोना संक्रमितको दरमा कमी आएको थियो । बेलुका फुटपाथमा हिड्नेहरुको संख्यामा पनि कमी आएको थियो । बाटोमा मानिसहरुको चहलपहलमा कमी आएको थियो ।

तर सरकारले राति गाडी गुड्न लगाएको प्रतिबन्ध हटाएसँगै कोरोना पनि पहिल्यै कै स्थितिमा आएको छ । मानिसको भीड पनि उत्तिकै बढेको छ । मानिसहरुले कोरोना हराइसकेको जस्तो व्यवहार गरेको छन् । यसले झन् भयानक रुप देखाउने भनाइ विज्ञहरुको छ ।

केही दिनयता उपत्यकामा सक्रिय संक्रमितको दरमा उकालो लागेको छ । काठमाडौमा दैनिक न्यूनतम ५ सयभन्दा माथिको संख्यामा संक्रमितहरु थपिरहेको तथ्यांक सार्वजनिक भएको छ । संक्रमित घट्नुपर्ने ठाउँमा झन् बढिरहेको देखिन्छ । तैपनि कोरोनाको वास्ता कसैले गरेको छैन् । कोरोना केही होइन् भन्दै मानिसहरु मग्नमस्त भएर बसेको छन् ।

# भूमाफियाले जग्गा कब्जा गर्दा कबुलियती वन बनाउने निणय अन्यौलमा



**उदयपुर / मस –** उदयपुरको बेलका नगरपालिका क्षेत्रमा सप्तकोशी नदी अन्तरगत पर्ने नदी उकास जमिनमा कबुलियती वन बनाउने सरकारी निणर्य भूमाफियाहरुले जग्गा कब्जा गर्दै आएका कारण अन्यौलमा परेको छ ।सप्तकोशीले धार परिर्वतन गरी पूर्वतर्फबाट बग्न थालेपछि नदी उकास जमिन अन्तरगत निस्किएको करिब आठ हजार हेक्टर जमिनमध्ये अधिकांश भूमाफियाको अतिक्रमणको चपेटामा परेको छ । सो जमिनमध्ये नेपाल सरकारको मन्त्री परिषद्ले १ सय ७६.२३ हेक्टर जमिनमा कबुलियती वन बनाउन निणर्य गरेपनि जग्गा कब्जा गर्दै आएकाहरुको दवावका कारण सरकारी निणर्य अन्यौलमा परेको हो ।

गत जेठ ६ गतेको मन्त्री परिषदको वैठकले सप्तकोशी नदीको उकास जमिनमध्ये मानव वसोवास नरहेको जमिनमा कबुलियती वन बनाउने निणर्य गरेपनि जग्गाकब्जा गर्दै आएका माफियाहरुले सुकुम्वासीहरुलाई हटाउन लागेको भनेर गलत प्रचारबासी गरी स्थानीयहरुलाइ उक्साएर गत असार दोस्रो साता बेलका नगरपालिका तोडफोड नै हुने गरी आन्दोलन समेत गरेका थिए । सो आन्दोलनका क्रममा आन्दोलनकारी र प्रहरीबीच झडप हुँदा केही प्रहरी सहित केही आन्दोलनकारी समेत घाइते भएका थिए ।विगत लामो समयदेखि नै वन क्षेत्र अन्तरगत पर्ने त्यहाँको नदी उकास जमिन अनाधिकृत रुपमा हडपेर किनबेच गरिदै आएको तथा केही सुकुम्वासीहरु समेत वस्दै आएका छन् । कोशीको उकास जमिन करिव आठ हजार हेक्टर मध्ये नेपाल सरकारले कबुलियती वन घोषणा गरेको १ सय ७६ दशमलव २३ हेक्टर जमिनमा कुनै पनि सुकुम्वासीहरुको बसोबास नरहेको सव डिभिजन वन कार्यालय मैनामैनी उदयपुरका प्रमुख सहायक वन अधिकृत सन्नीकुमार झाले बताए । कवुलियती वनको रूपमा दुइवटा कम्पनीलाई ३० वर्षका लागि लिजमा दिने निर्णय सरकारले गरेपनि लामो समय देखि सो क्षेत्रको जग्गा अनाधिकृत रुपमा उपयोग गर्दै आएकाहरुले सो निणर्य फिर्ता गराउन राजनीतिक शक्ति केन्द्र धाउन थालेका छन् ।

नेपाली कांग्रेसका प्रभावशाली नेता तथा उदयपुरबाट निर्वाचित संघीय सांसद डा.नारायण खड्का, उदयपुर कै अर्का संघीय सांसद सुरेश कुमार राई लगायतलाई भेटेर कबुलियत वन वनाउने सरकारी निर्णय फिर्ता गराउन दवाव दिन समेत आग्रह गर्दै आएका छन् । कबुलियती वन वनाउनका लागि बेलका नगरपालिका सहित वडा नम्बर ३ ले समेत सिफारिस दिई सरकारले निर्णय गरेको डिभिजन वन कार्यालय उदयपुरले जनाएको छ ।

सरकारले जडिवुडी खेती र कृषि पर्यटनमा जोड दिँदै कबुलियती वन बनाउनदिएको भएपनि केही व्यक्तीको स्वार्थको कारण अहिले सरकारको यो निर्णय अन्यौलमा परेको छ । केही भूमाफियाहरूले बेलका नगरपालिका क्षेत्रका नदी उकास अन्तरगत शुक्रबारे, सिसौली र कामत क्षेत्रमा पर्ने धेरै जग्गाहरु आफ्नो कब्जामा राखेका छन् । विगतमा सरकारले सो क्षेत्रको जग्गा संरक्षणमा ध्यान नदिइरहेको कारण कब्जा जमाउदै आएका केही सिमित व्यक्तिहरुले सयौं सयौं हेक्टर जमिन खेती गर्ने नाममा कब्जा गरेर किनबेच समेत गर्दै आएका छन् ।

केही वर्ष देखि कब्जा गर्दै आएको जग्गा गुम्ने होकी भनेर स्थानीय सर्वसाधारण समेतलाई उकासेर आन्दोलन गराउने कामपनि भूमाफियाहरुले गरेको आरोप छ । कबुलियती वन घोषणा गरिएको क्षेत्रमा सुकुम्बासीको एक घर नरहेको तर कोशीको उकास क्षेत्र अन्तरगत अन्य जमिनमा झण्डै एक हजार पाँच सय परिबार सुकुम्बासीको बसोबास भएको देखिन्छ । सरकारले वन क्षेत्र संरक्षण तथा सम्बर्द्धन गर्ने अभियान अन्तरगत पर्यापर्यटन, कृषि, जडिबुटी खेती विस्तार, माछा तथा पशुपालन गर्ने योजना अनुरुप अगाडि सारेको कबुलियती वनको अवधारण सकारात्मक रहेपनि कबुलियती वन क्षेत्र भन्दा बाहिरी जमिनमा बसोबास गर्ने बास्तविक सुकुम्वासीहरुको पहिचान गरी उनीहरुको व्यवस्थापन नगर्न सरकार समक्ष माग गरिँदै आएको स्थानीयको भनाइ छ ।

तर त्यस नदी उकास क्षेत्रमा सयौ हेक्टर जमिन कब्जा गर्दै आएकाहरु त्यहाँको बास्तविक सुकुम्बासीहरुको समस्या समाधान चाहेको देखिदैन् । सुकुम्बासीहरुको समस्या समाधान गर्दै सरकारले कबुलियती वनको अवधारणालाइ सकरात्मक रुपमा कार्यान्वयन गरेमा सिमित मानिसहरुले कब्जा गरेको सयौ हेक्टर जमिनमा चलखेल गर्न नपाउने भय उनीहरुमा रहेको सुकुम्बासीहरुको गुनासो छ ।

नदी उकास जमिन संरक्षणमा सरकारले चासो नदिएका कारण वास्तविक सुकुम्वासीभन्दा धेरै हुकुम्वासीहरुले ओगटेर राखेका पनि सुकुम्बासीहरुले बताएका छन् । यसरी जग्गा ओगट्नेहरुको पहिचान गर्ने हो भने ९० प्रतिशत भन्दा वढी गैर सुकुम्वासी भेटिने भन्दै गैर सुकुम्वासीले कब्जा गरेको जमिन सरकार मातहत ल्याउनुपर्ने पनि आवाज उठ्न थालेको छ ।

वन क्षेत्र अन्तरगतको सरकारी जग्गा कब्जा गर्नेहरुमा केही स्थानीय नेता,व्यापारी लगायत पहुँचवालाहरु भएका कारण सरकारले घोषणा गरेको कबुलियती वन कार्यान्वयन नहुने होकी भन्ने चिन्तापनि गर्न थालेका छन् । स्थानीय सुकुम्बासीहरुले आफ्नो व्यवस्थापन सरकारले गरि दिएर सो क्षेत्रको जमिन संरक्षण गर्दै कबुलियती वन वनाएर जडीवुटि खेती, कृषि पर्यटन, पर्यापर्यटन लगायतका लागि उपयोग गर्ने हो भने त्यस क्षेत्रको पर्यावरण संरक्षणका साथ सामाजिक, आर्थिक, पर्यटकीय क्षेत्रको विकास र विस्तार अभियानले सार्थकता पाउने विश्वास लिएका छन ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोश्रो पटक प्रकाशित मिति: २०७८/०५/१६

यस कम्पनीको मिति २०७८।०४।२० को विशेष साधारण सभाको निर्णय अनुसार कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८।०५।०२ को निर्णयबाट **रोयल पार्टी भेन्यु एण्ड क्याफे प्रा.लि** को नाममा रहेको सम्पुर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने दायित्व आदी परिवर्तित नामको कम्पनीले तिर्ने व्यहोर्ने गरि साविकको नाम **रोयल पार्टी भेन्यु एण्ड क्याफे प्रा.लि** परिर्वतन गरी **रोयल दरबार रेष्ट्रो एण्ड भेन्यु प्रा.लि.** कायम भएको हुदा सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।



## कतारमा रोजगारको अवसर

१. कम्पनी : IMAR TRADING & CONTRACTING CO. W.L.L शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७७/१२/१९ चलानी नं.: ६०१५६४८० LT. No.:238261 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 20 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : IMAR TRADING & CONTRACTING CO शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७७/०९/२८ चलानी नं.: ६०१५४१३५ LT. No.: 235656 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 30 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २३ गते (8 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | कामदारले तिर्ने | कामदारले तिर्ने | कं.नं. १ नि:शुल्क कं.नं. २ रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**टि. जि. एल. नेपाल प्रा. लि.** (प्रिमियर इन्डम्यान कन्सलटेन्ट प्रा. लि.)

श्रम इजाजत नं. ८५३/०६६/०६७

बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोन: ४३८८६८०, ४३८८६०६ फ्याक्स: ५९०६२५३



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL JABER ENGINEERING शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७७/१२/१९ चलानी नं.: ६०१५६५३७ LT. No.: 238310 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 22 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५३,८२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 15 | 0 | | 1000 | ३१,६६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २३ गते (8 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Red Coral Associates Pvt. Ltd.**

Group Of Companies — Gov. Lic. No. 625/063/064

Buddhanagar-10, Kathmandu, Tel.: 4787078, 4787278

Mo.: 9851171385, 9851171383, 9851171384



## SAUDI मा रोजगारको अवसर

कम्पनी : AL WESAM CORNER TRADING CO. शहर :KSA

पूर्व स्वीकृत मिति: २०७८/०५/१५ चलानी नं.: ६०१६२२०९ LT. No.: 244667

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Window Cleaner | 5 | 0 | स. काममा दक्ष | 1200 | ३७,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २३ गते (08 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

